नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# सिरहा भन्सार कार्यालय, खैरटोका

सिरहा न. पा.- १७, मधेश प्रदेश
नेपाल

## सूचना नं. ४८

**भन्सार ऐन, २०८२ को दफा ९२(३) तथा भन्सार नियमावली २०८३ को नियम ८९ बमोजिम खुल्ला बोलकबोलद्वारा लिलाम बढाबढ सम्बन्धी सूचना।**

**(सूचना प्रकाशित मिति २०८३।०१।३० गते)**

विभिन्न निकायहरुको प्रतिवेदनले भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा बरामद गरीएका यस कार्यालयमा दाखिला भएका तपसिल बमोजिमका बस्तुहरु मिति २०८३।०१।३० गते बुधबारका दिन दिउँसो १४.३० बजेदेखि १६.३० बजेसम्म खुला बोलकबोलद्वारा लिलाम बढाबढ गरिने भएकोले लिलाम लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघसंस्थाले सोदिन समयमै उपस्थित भई मालबस्तु हेरी डाँक बढाबढ गर्नुहोला। बोलकबोल गर्दा कै अवस्थामा व्यक्ति, फर्म/कम्पनी/संघसंस्थाले अनिवार्य रुपमा आयकर, मू.अ.कर, दर्ता प्रमाणपत्र, अन्तः शुल्क लाग्ने मालबस्तुहरुको हकमा कारोबार गर्न प्रास इजाजतपत्र र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र जीवजन्तु/ताजा फलफुल रहेछ भने नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ। डाँक कबोल गरेको अंक पुरै धरौटी रकम जम्मा गर्नु पर्नेछ र डाँक बढाबढ भएमा सोही अनुपातमा कवोल रकम थप गर्नु पर्नेछ। डाँक बढाबढमा सबभन्दा बढी अंक कबोल गर्ने व्यक्तिको कबोल अंक स्विकृत गरिनेछ र उक्त मालवस्तुहरु सोही मितिमै कबोल अंकको धरौटी रकम यस कार्यालयको धरौटी खातामा दाखिला गरी उठाई लैजानु पर्नेछ। तोकिएको म्यादभित्र मालबस्तु उठाइ नलगेमा नियमानुसार हुने व्यहोरा समेत सूचित गरिन्छ। नेपाल सरकारको हितलाई ध्यानमा राखि नियमानुसार डाँक स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

तपसिलः

| सि. नं. | मुद्दा नं./मिति | मालबस्तुको विवरण | प्रतिवेदन मूल्य रु. |
|---|---|---|---|
| १. | ५८२।२०८३।०१।२१ | डिउ-२.२५/१.२५-९५ पिस, कविर खैनी- २५ पै. **Schneider Electric Lcie८०- २ pcs, Schneider Electric Lcie६५- २ pcs,Schneider Electric Lcie५९- २ pcs.** | ३०२५०।- |
| २. | ५९५।२०८३।०१।२५ | निम्बु भुजिया- १६ किलो, सागर दुध- २४ पै. गुलाब जामुन पाउडर- १६ पै. स्नोकर चकलेट- २० बट्टा, बटर केक बिस्कुट- १ का. पतन्जली बिस्कुट- १का. चिनी- २४ किलो, डिउ २.२५/१.२५- ६५ पिस, अगरबत्ती- ५ पै. टायर- १ गोटा, कस्मेटिक आइटम- ४ किलो, कपडा देवान सेट- १, क्रिकेट बल- २५ पिस, मसाल तेल- १७.५ लि. बिडी- २० पै. सखर- ३० कि. कुलर- (५० लिटर)- १ वटा । | ७२६३०।- |
| ३. | ६०५।२०८३।०१।२९ | स्याऊ- १६० किलो र पुरानो साइकल- २ थान। | ३५०००।- |